*जिल्ला संकट व्यवस्थापन केन्द्र (Covid Crisis Management Center, CCMC) बागलुङद्वारा प्रकाशित*

# इ-बुलेटिन

(कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार प्रतिकार्य विशेषाङ्क)

१५ बैशाख २०७७ | बर्ष १ | अंक १





## प्रारम्भ

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमण, रोकथाम तथा नियन्त्रणका सम्बन्धमा मिति २०७६।१२।०९ गतेको नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट नेपालमा कोभिड-१९ को संक्रमण फैलने सम्भावना देखिएकोले नेपाल सरकारले संक्रामक रोग ऐन,२०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सो को रोकथाम र निर्मूल गर्न मिति २०७६ चैत्र ११ गते विहान ६.०० बजेदेखि २०७६ चैत्र १८ गते विहान ६.०० बजेसम्म लागू हुने गरी आदेश जारी गरेको तत् पश्चात् विभिन्न मितिमा भएका निर्णयहरुबाट उक्त आदेशलाई निरन्तरता दिइएकोमा मिति २०७७।०१।१४ गतेको नेपाल सरकार मन्त्रिपरिषदको बैठकको निर्णयबाट हाललाई मिति २०७७।०१।२५ गते मध्यरातसम्मका लागि उक्त आदेशलाई निरन्तरता दिएको अवस्था छ। बागलुङ जिल्लामा कोभिड-१९ को प्रतिकार्यको लागि विभिन्न संयन्त्रहरु गठन भई प्रतिकार्यका गतिविधिहरु सञ्चालन गरिँदै आएको छ। जिल्ला संकट व्यवस्थापन केन्द्र बागलुङले त्यस्ता कोभिड-१९ को सम्भावित संक्रमण, रोकथाम, नियन्त्रण र उपचारका गतिविधिहरु र प्रगतिलाई ई-बुलेटिन मार्फत जनसाधारण समक्ष राख्न आरम्भ गरिएको व्यहोरा सहर्ष जानकारी गराईन्छ।

कोरोना-१९ बाट उत्पन्न यस विषम परिस्थितिको प्रतिरोध गर्न जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति, जिल्ला कमाण्ड पोष्ट, संकट व्यवस्थापन केन्द्र, जिल्लास्थित सबै स्थानीय तहमा गठन भएका संयन्त्रहरु सक्रियताका साथ परिचालित भएको अवस्था छ। साथै स्वास्थ्यकर्मी, उपकरण तथा आइसोलेसन वेडहरु, क्वारेण्टीनहरु समेत तयार भै सञ्चालनमा रहेका र सबै स्थानीय तहहरुले लकडाउनका कारण समस्यामा परेका विपन्न वर्ग र मजदूरहरु लगायतलाई खाद्यान्न सहितका सामाग्रीहरु राहत स्वरुप उपलब्ध गराउदै आउनुभएको, कोभिड १९ संक्रमित २ जनाको धवलागिरी अञ्चल अस्पतालमा उपचार पश्चात डिस्चार्ज भएको, भारत लगायत तेस्रो मुलुकबाट आएका व्यक्तिहरु होम क्वारेण्टीनमा बसेको, ६३ जनाको स्वाब परिक्षण भएको, ११२७ जनाको Rapid Diagnosis Test भइसकेको अवस्था छ।

यस अवस्थामा सबै स्थानीय तह, जनप्रतिनिधि, उद्योगी, व्यवसायी, कार्यालयहरु तथा सबै जिल्लाबासी महानुभावहरुको निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा गरिएको छ।

# क्वारेन्टाइन तथा आइसोलेसन कक्ष व्यवस्था

- कोरोना भाइरस (कोभिड-१९) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ बमोजिम क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति गठन भई जिल्लास्थित १० वटै स्थानीय तहहरुका ३२ स्थानमा २५१ बेड संख्याको क्वारेन्टाइन निर्माण गरिएको।






- जिल्लास्थित ५ वटा सरकारी तथा नीजि अस्पताल, पोलिक्लिनिकमा १६ बेड क्षमताको आइसोलेसन कक्ष निर्माण गरिएको।

**Isolation रहेका अस्पताल – ५, बेड संख्या – १६ वटा।**

| सि.नं. | जिल्ला स्थान | अस्पतालको नाम | बेड क्षमता | Isolation मा रहेकाहरूको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागलुङ न.पा. वडा नं. २, बागलुङ। | धौलागिरी अंचल अस्पताल, बागलुङ | ८ | ० | |
| २ | बागलुङ न.पा. वडा नं. २, बागलुङ। | मुक्तिनाथ अस्पताल, बागलुङ | २ | ० | |
| ३ | बागलुङ न.पा. वडा नं. २, बागलुङ। | निलगिरी अस्पताल, बागलुङ | ३ | ० | |
| ४ | बागलुङ न.पा. वडा नं. २, बागलुङ। | सफल पोलिक्लिनिक, बागलुङ | १ | ० | |
| ५ | गल्कोट न.पा. वडा नं. ३, बागलुङ। | आरोग्य अस्पताल, गल्कोट बागलुङ | २ | ० | |

**Quarantine - ३२, बेड संख्या – २५१ वटा।**

| सि.नं | न.पा./गा.पा. | रहेको स्थान | बेड संख्या | सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. | संयोजक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बागलुङ न.पा. वडा नं. १, रामरेखा | रामरेखा आ.वि. | २० | वडा अध्यक्ष दुर्गा बहादुर सार्की 9857620363 | मेयर - जनक पौडेल ९८५७६२०६४९ | |
| २ | बागलुङ न.पा. वडा नं. ४, रमेटार | धौलागिरि प्राविधिक शिक्षालय | २० | वडा अध्यक्ष ध्रुव केसी 9857621285 | मेयर - जनक पौडेल ९८५७६२०६४९ | |
| ३ | ढोरपाटन न.पा. १, बुर्तिबाङ | उत्तरगंगा उ.मा.वि. | १६ | वडा अध्यक्ष चित्र बहादुर भण्डारी 9867259142 | मेयर - देव कुमार नेपाली ९८५६०२६३३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बडिगाड गा.पा. वडा नं. ७, भिमगिठे | भिमगिठे मा.वि. | ६ | वडा अध्यक्ष<br>कृष्ण गुरुङ<br>9857023260 | अध्यक्ष - मेयर सिंह पाइजा<br>९८४६८८२४६५ | |
| ५ | बडिगाड गा.पा. वडा नं. ७, भिमगिठे | आमा समुहको भवन | ६ | | | |
| ६ | बडिगाड गा.पा. वडा नं. १०, दर्लिङ | नमुना बालकल्याण आरूपाटाखोर | १२ | वडा अध्यक्ष<br>बिरेन्द्र कुमार बुढा<br>9857643060 | अध्यक्ष - मेयर सिंह पाइजा<br>९८४६८८२४६५ | |
| ७ | बडिगाड गा.पा. वडा नं. २, खर्वाङ | वडा कार्यालयको भवन | १० | वडा अध्यक्ष<br>बिष्णु प्रसाद भुसाल<br>9857637037 | अध्यक्ष - मेयर सिंह पाइजा<br>९८४६८८२४६५ | |
| ८ | बडिगाड गा.पा.१ , दगातुन्डाँडा | खर्कदेवी मा.वि. दगातुन्डाँडा | ५ | वडा अध्यक्ष<br>बोम बहादुर थापा<br>9857621714 | अध्यक्ष - मेयर सिंह पाइजा<br>९८४६८८२४६५ | |
| ९ | बडिगाड गा.पा. ८ , रणसिंह किटेनी दोभान | किटेनी मा.वि. दोभान, रणसिंह | १० | वडा अध्यक्ष<br>याम बहादुर श्रीस<br>9821347945 | अध्यक्ष - मेयर सिंह पाइजा<br>९८४६८८२४६५ | |
| १० | बडिगाड गा.पा.५ , ग्वालीचौर | हे.पो. ग्वालीचौर, टारी | ५ | वडा अध्यक्ष<br>अर्जुन प्रसाद खरेल<br>9857632800 | अध्यक्ष - मेयर सिंह पाइजा<br>९८४६८८२४६५ | |
| ११ | निसीखोला गा.पा. १, देवीस्थान | देवीस्थान मा.बि. | २ | वडा अध्यक्ष<br>ईन्द्र बहादुर मल्ल<br>9857621898 | अध्यक्ष - तारानाथ पौडेल<br>९८५७६३३०३४ | |
| १२ | निसीखोला गा.पा. ३, बोहोरागाँउ | प्रभा मा.बि. | २ | वडा अध्यक्ष<br>जुन बिक्रम शाही<br>9841612629 | अध्यक्ष - तारानाथ पौडेल<br>९८५७६३३०३४ | |
| १३ | गल्कोट न.पा. वडा नं. १, दुदिलाभाटी। | देवालय प्रा.वि. | १२ | वडा अध्यक्ष<br>नेत्र बहादुर बुढाथोकी<br>9847636319 | मेयर - भरत शर्मा<br>९८४१२५४०६७ | |
| १४ | गल्कोट न.पा. वडा नं. २, नरेठाँटी | स्वास्थ्य चौकी नरेठाँटी | ५ | वडा अध्यक्ष<br>हिम बहादुर भण्डारी<br>9857627222 | मेयर - भरत शर्मा<br>९८४१२५४०६७ | |
| १५ | गल्कोट न.पा. वडा नं. ८ | जनजागृति मा.वि. | ३ | वडा अध्यक्ष<br>राम प्रसाद कँडेल<br>9851056885 | मेयर - भरत शर्मा<br>९८४१२५४०६७ | |
| १६ | ताराखोला गा.पा.३, हिल | स्वास्थ्य चौकी, हिल | ९ | वडा अध्यक्ष<br>दिल बहादुर बस्नेत<br>9847633092 | अध्यक्ष - प्रकाश घर्ती मगर<br>९८४७७६६१०३ | |
| १७ | ताराखोला गा.पा. वडा नं.१, माझखर्क | अमरभुमि स्वास्थ्य चौकी | २ | वडा अध्यक्ष<br>यम बहादुर श्रीस<br>9847640480 | अध्यक्ष - प्रकाश घर्ती मगर<br>९८४७७६६१०३ | |
| १८ | तमानखोला गा.पा. १, बोङ्गादोभान | जनजागृति मा.वि. | ५ | वडा अध्यक्ष<br>थम बहादुर रोका<br>9867618123 | अध्यक्ष - जोकलाल बुढा<br>९८५७६२१२१९ | |
| १९ | जैमिनी न.पा. वडा नं. १, कुश्मिसेरा | शान्ति मा.वि. | ७ | वडा अध्यक्ष<br>भुपेन्द्र थापा<br>9867633432 | अध्यक्ष - ईन्द्रराज पौडेल<br>९८४७७२९५३६ | |
| २० | बरेङ गा.पा. वडा नं. ३, नयाँबजार | जनता प्रा.वि., बाटाकाचौर | १० | वडा अध्यक्ष<br>पुर्ण बहादुर खनाल | अध्यक्ष - कृष्ण प्रसाद शर्मा<br>९८५७६२२५५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | 9747020134 | | |
| २१ | वरेङ गा.पा.२, वरेङवजार | सर्वोदय मा.वि.वरेङ | २० | वडा अध्यक्ष<br>गुप्त प्रसाद काला थापा<br>9849683311 | अध्यक्ष - कृष्ण प्रसाद शर्मा<br>९८५७६२२५५ | |
| २२ | वरेङ गा.पा.४, सल्यान | सल्यान स्वास्थ्य चौकी | ३ | वडा अध्यक्ष<br>पुर्ण बहादुर खनाल<br>9747020134 | अध्यक्ष - कृष्ण प्रसाद शर्मा<br>९८५७६२२५५ | |
| २३ | वरेङ गा.पा.५, सुखौरा | सुखौरा स्वास्थ्य चौकी | ३ | वडा अध्यक्ष<br>अमर बहादुर शेर्बुजा<br>9819456789 | अध्यक्ष - कृष्ण प्रसाद शर्मा<br>९८५७६२२५५ | |
| २४ | काठेखोला गा.पा. वडा नं. १, पाला | सरस्वति प्रा.वि. | ६ | वडा अध्यक्ष<br>खड्क बहादुर थापा<br>9857621801 | अध्यक्ष - अम्मर बहादुर थापा<br>९८५७६२२५७५ | |
| २५ | काठेखोला गा.पा. वडा नं. ३, धम्जा | लक्ष्मी मा.वि. | ६ | वडा अध्यक्ष<br>यम बहादुर श्रीस<br>9876322221 | | |
| २६ | काठेखोला गा.पा. वडा नं. ४, तंग्राम | सामुदायिक भवन | ६ | वडा अध्यक्ष<br>केशर बहादुर थापा<br>9857620121 | | |
| २७ | काठेखोला गा.पा. वडा नं. ५, बिहुँ | अमर मा.वि. | ६ | वडा अध्यक्ष<br>शिव प्रसाद कँडेल<br>9857620142 | | |
| २८ | काठेखोला गा.पा. वडा नं. ६, बिहुँ | भिमसेन मा.वि. | १६ | वडा अध्यक्ष<br>युक्त प्रसाद कँडेल<br>9857622731 | अध्यक्ष - अम्मर बहादुर थापा<br>९८५७६२२५७५ | |
| २९ | काठेखोला गा.पा. वडा नं. ७, रेश | नुन्थला मा.वि. | ४ | वडा अध्यक्ष<br>प्रेम बहादुर जिसी<br>9857620844 | अध्यक्ष - अम्मर बहादुर थापा<br>९८५७६२२५७५ | |
| ३० | | जनकल्याण मा.वि. | ४ | | | |
| ३१ | | ओदान प्रा.वि. | ४ | | | |
| ३२ | काठेखोला गा.पा. वडा नं. ८, लेखानी | स्वास्थ्य चौकी भवन | ६ | वडा अध्यक्ष<br>चित्रकला छन्त्याल<br>9847635879 | | |
| **जम्मा बेड संख्या** | | | **२५१** | | | |



रामरेखा आधारभुत विद्यालय, रामरेखा, बागलुङ





धौलागिरी प्राविधिक शिक्षा प्रतिष्ठान,बागलुङ

- महामारी थप फैलिएमा थप क्वारेन्टाइन निर्माणस्थलको खोजीका क्रममा सिफारिस गरिएका केही स्थानहरुः



बा.न.पा.२ स्थित पुरानो भेटेरिनरी



बा.न.पा.३ स्थित गोदामघर



बा.न.पा.१ स्थित कभर्ड हल



बा.न.पा.३ स्थित विज्ञान तालिम भवन



बा.न.पा.१ स्थित बांगेचौर खुला क्षेत्र

## समन्वय

- संघीय सरकार, प्रदेश सरकार र जिल्लास्थित सबै स्थानीय तहहरुसँग समन्वय भइरहेको।
- जिल्ला सुरक्षा समितिका सदस्यसहित जिल्ला समन्वय समितिका प्रमुख, बागलुङ नगरपालिकाका नगरप्रमुख, स्वास्थ्य कार्यालयका प्रमुख, धौलागिरी अञ्चल अस्पतालका मे.सु., नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका सभापति, उद्योग बाणिज्य संघका अध्यक्ष लगायत क्षेत्रगत,विषयगत विज्ञ तथा जानकारहरु समेत रहेको जिल्ला कमाण्ड पोष्ट गठन।





- गृह मन्त्रालयमा कोभिड-१९ सम्बन्धी विवरण, राहत वितरणको विवरण सहित दैनिक नियमित रिपोर्टिङ पठाउने गरिएको।
- गण्डकी प्रदेशका मुख्यमन्त्रीको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग नियमित सम्पर्क, समन्वय र रिपोर्टिङ हुने गरेको।





- कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचार सम्बन्धमा विभिन्न संयन्त्रहरुको बैठक

क. गण्डकी प्रदेशका मुख्यमन्त्रीज्यूसँगको बैठक

ख. प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रदेश सभा सदस्यज्यूसँगको बैठक

ग. स्थानीय तहका प्रमुखज्यूसँगको बैठक

घ. कोभिड संकट व्यवस्थापन केन्द्र (CCMC) बैठक

ङ. जिल्ला सुरक्षा समिति बैठक

च. जिल्ला विपद् व्यवस्थापन समिति

छ. कमाण्ड पोष्ट लगायत शुरु तयारी बैठक



काठेखोला गाउँपालिकामा छलफल गर्दै



काठेखोला गाउँपालिका ८ लेखानी



बा.न.पा.१ मालढुंगामा सवारीलाई डिस्इन्फेक्सन गर्दै



जैमिनी नगरपालिकामा



गल्कोट नगरपालिकामा

## भिडियो कन्फ्रेन्सिङ

- मिति २०७७।०१।०३ गते गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यूसँग भिडियो कन्फ्रेन्सिङ मार्फत जिल्लामा कोरोना रोकथाम, नियन्त्रण र उपचार तथा लकडाउनका सम्बन्धमा हालसम्म भए गरेका कार्य प्रगति प्रमुख जिल्ला अधिकारीज्यूबाट प्रस्तुतीकरण भएको । साथै उक्त भिडियो कन्फ्रेन्समा





गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यू

माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरूङज्यूबाट कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा सक्रिय रुपमा परिचालन हुने लगायतका विषयमा निर्देशन भएको।

## उपचार (स्वाब संकलन, PCR परीक्षणमा समन्वय तथा सहजीकरण)




- कतार एयरलाईन्सको QR652 विमानद्वारा कोरोना संक्रमित युवतीसँग नेपाल आएका र अन्य मुलुकबाट आएका शंकास्पद एबम् संक्रमित परिवार, भेटघाट भएका व्यक्तिहरु गरी ६३ जनाको स्वाब परीक्षण गरिएकोमा २ जनाको रिपोर्ट पोजेटिभ आएको।
- स्वाब रिपोर्ट पोजेटिभ आएका (कोरोना संक्रमित) बागलुङ नगरपालिका वडा नं.३ निवासी ६५ बर्षकी मन कुमारी पौडेलको तेस्रो र चौथो रिपोर्ट नेगेटिभ आएपछि मिति २०७७।०१।०६ गते र बागलुङ नगरपालिका वडा नं.४ निवासी १९ बर्षकी अन्सु पौडेलको पाचौ र छैठौं रिपोर्ट नेगेटिभ आएपछि मिति २०७७।०१।१२ गते अस्पतालबाट डिस्चार्ज गरी होम क्वारेन्टाइनमा बस्न अनुरोध गरिएको।

## उपचार (RDT परीक्षणमा समन्वय तथा सहजीकरण)

- मिति २०७६।१२।२७ गते देखि मिति २०७७।०१।१३ गतेसम्म यस जिल्लाको बागलुङ नगरपालिका, ढोरपाटन नगरपालिका, गल्कोट नगरपालिका, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका, निसीखोला गाउँपालिका, बरेङ गाउँपालिका, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका र ताराखोला गाउँपालिकामा भारत र तेश्रो मुलुकबाट आएका व्यक्ति र निजका परिवारका सदस्यहरु लगायत ११२७ जना व्यक्तिको Rapid Diagnosis Test Kit बाट परीक्षण गरिएकोमा १ जनाको रिपोर्ट पोजेटिभ आएको र स्वाब परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको। (मिति २०७७।०१।१३)



RDT परीक्षण गराउँदै सर्वसाधारण

## अन्य विरामीको उपचार व्यवस्था




- जिल्ला स्थित सरकारी निकाय वा निजी वा सामुदायिक क्षेत्रका वा विश्वविद्यालय वा अन्य शैक्षिक क्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुले आफूकहाँ आएका जुनसुकै विरामीलाई अनिवार्य रुपमा उपचारको व्यवस्था मिलाइएको र कुनै पनि बहानामा तत्काल उपचार नगरी विरामी फर्काउने जस्ता गैर जिम्मेवार कार्यमा रोक लगाउने व्यवस्था तथा त्यसरी तत्काल उपचारको व्यवस्था नमिलाएमा त्यस्तो अस्पताल वा संस्थाको प्रमुख तथा जिम्मेवार पदाधिकारीलाई संक्रमण रोग ऐन,२०२० लगायतका प्रचलित कानून अन्तर्गत आवश्यक कारवाही गर्ने व्यवस्था मिलाइएको।
- विरामी परेकाहरुलाई तत्काल एम्बुलेन्सको सेवा उपलब्ध नभएको अवस्थामा सवारी पास दिई चिकित्सको रिफर अनुसार सुविधायुक्त अस्पतालमा पठाउने व्यवस्था मिलाइएको।


## राहत वितरण

- असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनका लागि स्थानीय तहबाट मापदण्ड बमोजिम राहत वितरण गर्ने व्यवस्था मिलाइएको।
- जिल्ला स्थित सबै स्थानीय तहबाट मिति २०७७।०१।१४ गतेसम्म १२,४३३ घरधुरीलाई चामल/मकै/कोदो २,१२,३४२ के.जी., दाल ११,००८ के.जी., तेल ११,९७७ लिटर, नून १५,१३९ के.जी., चिनी २,४०६ के.जी. र सावुन १३,८४२ वटा राहत वितरण गरेको।

- वास्तवमा मर्कामा परेका व्यक्ति वा परिवारलाई राहत नछुटाउन र दिन नपर्ने व्यक्तिलाई राहत नदिन पनि सबै पालिकाहरुमा अनुरोध गर्नुका साथै गुणस्तरमा पनि ध्यान पुऱ्याउनु हुन अनुरोध गरेको।

## अत्यावश्यक सेवा सञ्चालन गर्न पास वितरण


जिल्ला प्रशासन कार्यालय, बागलुङ



- अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनको लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धी कार्यविधि, २०७६ बमोजिम पास वितरण गर्ने व्यवस्था मिलाइएको।




- अत्यावश्यक खाद्य,औषधी, विरामी, पशुपन्क्षीको दाना, दुध, पानी जस्ता विषय र अत्यावश्यक कार्यको लागि अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धी कार्यविधि २०७६ बमोजिम स्थानीय तहको सिफारिसमा र चिकित्सकको रिफर अनुसार जिल्ला प्रशासन कार्यालयबाट वितरण गरी कार्यान्वयन गरिएको,




- सवारी पास वितरण ५४२ मध्ये बैंक तथा वित्तीय संस्था ८, ट्रक २६ पटक, ट्र्याक्टर १३ पटक, औषधी खरिद तथा वितरण ७ पटक, खानेपानी १ वटा, विद्युत र राष्ट्रिय गौरवको योजना १० वटा पास उपलब्ध गराइएको।
- अत्यावश्यक कार्य जस्तै क्रिया गर्नको लागि, विरामी परी एम्बुलेन्स सेवा नभएको अवस्थामा अन्य सवारी साधनलाई ई-पास जारी गरिएको संख्या ७६ वटा, अन्य स्थानमा आउन जानको लागि माग भएको तर प्रमाण नपुगेका आवेदनहरु २७३ वटा अस्वीकृत गरिएको। (मिति २०७७।०१।१५ गतेसम्म)

## बजार अनुगमन



- प्र.जि.अ.को संयोजकत्वमा जिल्ला स्तरीय आपूर्ति अनुगमन समितिको गठन भई कार्य सम्पादन भइरहेको, सबै स्थानीय तहहरुद्वारा अनुगमन कार्यलाई निरन्तरता दिइएको, बजार अनुगमन तथा जिल्लामा मौज्दात रहेको खाद्यान्न तथा अत्यावश्यक वस्तुहरुको आंकलन गरिएको, करिब २ महिना भन्दा बढी समयलाई पुग्ने रासदपानी मौज्दात रहेको आँकलन गरिएको।



- मिति २०७७।०१।०७ गते र ऐ.९ गते बजारमा कालोबजारी, जम्माखोरी र कृत्रिम अभाव हुन नदिन घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, उपभोक्ता मञ्चको संयुक्त टोलीले बागलुङ बजारका १० वटा खाद्य सामाग्री पसलहरुको अनुगमन गरिएको।
- म्याद गुज्रेका बस्तु नष्ट गरिएको।

## कालोबजारी नियन्त्रण, जफत तथा कारवाही

- मिति २०७६।१२।२० गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराको च.नं.बै-७५।७६ मिति २०७६।१२।१८ गतेको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा विषयक पत्रानुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धी नेपाल सरकारले गरेको लकडाउनको कारणले दैनिक गुजारा

चलाउन नसक्ने व्यक्तिलाई लकडाउन अवधिभर जीवनयापनका लागि प्रदेश सरकारले आवश्यक दैनिक खाद्य सामाग्री सहितको जिन्सी राहत प्याकेज उपलब्ध गराउने निर्णय कार्यान्वयनका लागि गठन भएको जिल्ला स्तरीय आपूर्ति अनुगमन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री गौलोचन सैंजूको अध्यक्षतामा जिल्ला स्तरीय आपूर्ति अनुगमन समितिको गठन भई विभिन्न मितिमा बैठक सम्पन्न भएको ।

- पालिकास्तरीय अनुगमन समितिमा जिल्ला प्रशासनको प्रतिनिधित्व पठाइने गरिएको ।
- बजार अनुगमनको क्रममा काला बजारी नभेटिएको/नियन्त्रण भएको ।
- कुनै सरसामाग्री जफत तथा कारवाही नभएको, पसलहरुमा अनुगमन गरी जनचेतना अभिवृद्धि गरिएको ।
- म्याद नाघेका खाद्य पदार्थ नष्ट गर्ने गरिएको ।

## आपूर्ति व्यवस्था सहजीकरण

- नेपाल आयल निगम, पोखरासँग समन्वय गरी पेट्रोलियम पदार्थ, शक्ति ग्याँस उद्योग र गृहलक्ष्मी ग्याँस उद्योग पोखरा र उद्योग वाणिज्य संघ मार्फत व्यवसायीसँग समन्वय गरी नियमित रुपमा उपभोक्ताले पाउने गरी ग्याँस उपलब्ध गराउने गरिएको । बागलुङ उद्योग वाणिज्य संघ, स्थानीय तहहरु, व्यापार व्यवसायीहरु, सुरक्षा निकायको समन्वयमा आपूर्ति व्यवस्थाको सहजीकरण गरिएको ।
- बजारमा कृत्रिम अभाव सृजना हुन नदिन र उपभोक्ताको हकहित संरक्षण गर्न बजारमा हाल भएको दैनिक उपभोग्य ग्याँस लगायत सामाग्रीहरु लगत तयार गरी बागलुङ उद्योग बाणिज्य संघले प्रतिवेदन पेश गर्न र सुपथ मूल्यमा दैनिक सामाग्री उपलब्ध गराउन व्यवसायीहरुलाई अनुरोध गरिएको ।

## उद्दार (लकडाउनपछि अलपत्र परेका मजदूर, विरामी,पर्यटक लगायत)

- उद्दार गरिएको बेसहारा तथा अलपत्र परेका श्रमिकहरु - काठमाडौं, रोल्पा, मुस्ताङ, प्यूठान, पूर्वी रुकूम, सल्यान, नेपालगञ्ज, बर्दिया र सर्लाही जिल्लाका गरी १४५ जना ।
- आश्रय नभएकाहरुको हकमा बागलुङ नगरपालिका वडा नं.२ स्थित साविक बाल कल्याण भवनमा बेडको आश्रयस्थल बनाई सुरक्षा निकाय, बागलुङ नगरपालिका र उद्योग वाणिज्य संघको समन्वयमा खाने बस्नेको व्यवस्था मिलाइएको ।



## शंकास्पद व्यक्तिको ट्र्याकिङ, ट्र्यासिङ

- QR652 एयर अरेविया लगायतका एयरलाइन्सबाट नेपाल आउने व्यक्तिहरुको खोजी गरी उनीहरुको परिवार समेतको ट्रेस गरी विवरण प्राप्त गरी १८ जना व्यक्तिको स्वाब संकलन गरी परीक्षणका लागि पठाइएकोमा १६ जनाको नेगेटिभ र २ जनाको पोजेटिभ रिपोर्ट आएको ।
- कोरोना संक्रमित २ जना निको भई हाल होम क्वारेन्टाइनमा रहेका ।
- जिल्ला स्थित सबै १० स्थानीय तहले भारत लगायत विदेशबाट आउने व्यक्तिको Tracking, Tracing, Monitoring गरी विवरण संकलन गरी क्वारेन्टाइन वा होम क्वारेन्टाइनमा राख्ने र स्वास्थ्यकर्मीबाट लक्षणका आधारमा चेकजाँच गर्ने व्यवस्था मिलाएको ।
- हालसम्म भारत लगायत विदेशबाट आउनेको संख्या ७७८ एकीन गरिएको ।

## आवागमनमा कडाई

- व्यवसायीहरुले औषधी र औषधीजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने, मालबाहक सवारी साधनहरु, एम्बुलेन्स, बिरामी लैजाने अन्य सवारी साधनहरुको निर्वाधरुपमा आवगमनको व्यवस्था मिलाईएको,

- आपूर्ति व्यवस्था सहज बनाईएको, फर्केर आउने उक्त सवारी साधनहरुमा यात्रुहरु नराख्नका लागि जानकारी गराईएको ।
- यस कार्यालयबाट जारी हुने सवारी पासमा अत्यावश्यक कार्यमा जाने व्यक्तिहरुको नाममात्र उल्लेख गर्ने गरिएको र स्थानीय प्रहरी मार्फत सोको कडाईका साथ चेकजाँच गर्ने व्यवस्था मिलाईएको ।

## हेल्थ डेस्क सञ्चालन र सीमा नाका व्यवस्थापन




- धौलागिरी अञ्चल अस्पताल लगायत स्वास्थ्य चेकजाँच गर्ने स्वास्थ्यकर्मीलाई सामाग्री सम्पन्न गराउन संघीय सरकार र गण्डकी प्रदेश सरकारलाई अनुरोध गरिएको ।
- जिल्ला प्रवेश गर्ने जिल्लाका सीमा नाकाहरु समेत गरी १५ स्थानमा Health Desk स्थापना गरिएको ।



- स्थानीय तहहरुसँग समन्वय गरी आवतजावतको नियन्त्रण, व्यवस्थापनमा सहजीकरण गरिएको ।
- मिति २०७७।०१।१५ गतेसम्म हेल्थ डेस्कमा २१,३२५ जनाको चेकजाँच गरिएको ।



- बागलुङ जिल्लाको प्रवेशद्वार बागलुङ नगरपालिका वडा नं.१ मालढुंगामा यात्रुहरुलाई स्वास्थ्य चेकजाँच गरेर मात्र प्रवेश गर्न दिने गरिएकोमा हाल सवारी साधनहरुलाई समेत डिसइन्फेक्सन गरी भित्र्याइने गरिएको ।

## एम्बुलेन्सको व्यवस्थापन

- जिल्लामा मौजुदा १३ एम्वुलेन्सहरु तयारी हालतमा राख्ने र जिल्ला स्थित सबै स्थानीय तहले एम्वुलेन्स वा एम्वुलेन्सको जस्तै गरी कोभिड-१९ संक्रमण वा संकास्पद संक्रमणका विरामी सेवा दिने गरी व्यवस्था गर्न अनुरोध गरिएको ।






- जिल्लामा नेपाल रेडक्रस सोसाइटी, बागलुङ जिल्ला शाखा, आरोग्य अस्पताल गलकोट नगरपालिका, गलकोट स्वास्थ्य केन्द्र गलकोट नगरपालिका, अर्जुनबाण गण, घोडाबाँधे ब्यारेक र ताराखोला गा.पा.बाट संचालित ५ एम्बुलेन्स COVID Friendly एम्बुलेन्सको रुपमा तयार गरी स्ट्याण्डबाई राखिएको ।



- जिल्ला स्थित अन्य ८ वटा एम्बुलेन्सलाई पार्टेसनको लागि पत्राचार गरिएको र पार्टेसन गर्ने क्रममा रहेको र बिरामी ल्याउने समयमा आवश्यकता अनुसार Escorting गर्ने व्यवस्था मिलाउने र पार्टेसन नभएका एम्बुलेन्सहरुलाई COVID Friendly एम्बुलेन्स यथाशिघ्र तयार पार्न एम्बुलेन्स सञ्चालकलाई अनुरोध गरिएको र सोको व्यवस्थापनको लागि जिल्ला स्थित सबै स्थानीय तहलाई अनुरोध गरिएको।
- जिल्लामा सञ्चालित एम्बुलेन्सहरूको विवरणः

| सि. नं. | जिल्ला | स्थानीय तह | एम्बुलेन्स नं. | चालकको | | थप विवरण केही भएमा | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|---|---|---|---|---|
| | | | | नाम थर | फोन नं. | | |
| १ | बागलुङ | बागलुङ न.पा. | ध-१-झ-१० | प्रेम श्रेष्ठ | ९८४७६३४५८६ | | धौलागिरी अञ्चल अस्पताल |
| २ | बागलुङ | बागलुङ न.पा. | ग-२-च-६९०८ | चन्द्र बहादुर थापा | ९८६३३४७३०६ | | नेपाल रेडक्रस सोसाइटी अमलाचौर उप-शाखा |
| ३ | बागलुङ | बागलुङ न.पा. | बा-१-च-९९८ | - | ९८४७६२८८९६ | | नेपाल रेडक्रस सोसाइटी शाखा |
| ४ | बागलुङ | बागलुङ न.पा. | बा-२-च-३०९७ | किशोर पाठक | ९८६६४२३५०० | | पैयुँपाटा स्वा.चौकी |
| ५ | बागलुङ | काठेखोला गा.पा. | ग-२-च-७४५९ | - | | | नेपाल रेडक्रस सोसाइटी बिहुँ उप-शाखा |
| ६ | बागलुङ | बडिगाड गा.पा. | ग-२-च-६७४९ | शेर बहादुर घर्ती | ९८६१३६४६३१ | | ग्वालीचौर समाज बडिगाड |
| ७ | बागलुङ | बडिगाड गा.पा. | ध-१-च-१००१ | अनोज के.सी. | ९८६१३६४६३१ | | भिमगिठे स्वा.चौकी बडिगाड |
| ८ | बागलुङ | गल्कोट न.पा. | ध-१-च-२०६ | शोम बहादुर | ९८४५६२९७६५ | | आरोग्य अस्पताल |
| ९ | बागलुङ | गल्कोट न.पा. | ध-१-झ-८ | पुर्ण बहादुर | ९८४२७६४०९४ | | गल्कोट स्वास्थ्य केन्द्र |
| १० | बागलुङ | बरेङ गा.पा. | ध-१-च-२८१ | - | | हाल मर्मतको क्रममा रहेको। | विहानी सहकारी संस्था |
| ११ | बागलुङ | जैमिनी न.पा. | ध-१-झ-१२ | जगत बहादुर थापा | ९८४७७१०२४० | | कुश्मिसेरा प्रा.स्वा.केन्द्र |
| १२ | बागलुङ | ताराखोला गा.पा. | ध-१-च-५२० | रमेश के.सी. | ९८६०५२५५३० | | ताराखोला गा.पा. |
| १३ | बागलुङ | | | | | | अर्जुनबाण गण घोडाबाधे व्यारेक |

## सुरक्षाकर्मीलाई सवारी साधन उपलब्ध गराउन समन्वय तथा सहजीकरण

- जिल्लाको हालसम्मको अवस्था समेतलाई मध्यनजर गरी जिल्लामा शान्ति सुरक्षा, उद्धार, समन्वय र सहजीकरण गर्ने कार्यका लागि जिल्ला स्थित १५ सरकारी कार्यालयमा रहेको सवारी साधनहरु जिल्ला स्थित सुरक्षा निकायलाई उपलब्ध गराइएको।

## सेवा प्रवाह

- स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दूरसञ्चार, सूचना, सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीहरुलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले विदा दिने।

- अत्यावश्यक सेवा सञ्चालन तथा प्रवाहको लागि कार्यक्षेत्र तथा कार्यालयमा खटिएका कर्मचारीहरुले काम गर्दा स्वास्थ्यसम्बन्धी मापदण्डको पालना गर्ने तथा पूर्व सावधानीको उपायहरुको अवलम्वन गर्ने गराउने।



## बैंक तथा वित्तीय संस्था

- नेपाल राष्ट्र बैंकको निर्देशन र सम्बन्धित बैंकको केन्द्रीय कार्यालयको निर्णय सहित निवेदन दिएका बैंक खोल्ने व्यवस्था मिलाइएको।

**१५ बैशाख २०७७ | बर्ष १ | अंक १**

## पेशा व्यवसाय



- औषधी उपचार, खाद्यवस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने।
- औषधी तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दुध, इन्धन उत्पादन गर्ने उद्योगहरु बाहेक निजी क्षेत्रबाट सञ्चालित अन्य उद्योग, कलकारखानाहरुमा काम गर्ने श्रमिक, कर्मचारीहरुलाई सम्बन्धित उद्योगले विदा दिने व्यवस्था मिलाउने।



- श्रमिक लगायत कार्यस्थलमा रहने सबैको दैनिक ज्वरो नाप्ने, नियमित स्वास्थ्य जाँच गर्ने, मास्क, सेनिटाइजर तथा साबुन पानीको प्रयोग गर्ने गराउने, कार्यस्थलमा व्यक्ति व्यक्तिबीच न्यूनतम भौतिक दूरी कायम गर्ने।

## हेलो डाक्टर अन कल सेवा सञ्चालन

- धौलागिरी अञ्चल अस्पतालका देहायका डाक्टरहरुसँग नागरिकहरुलाई स्वास्थ्य सम्बन्धी समस्याहरुको सम्बन्धमा सोधपुछ गर्नको लागि हेल्लो डक्टर अन कल सेवा सञ्चालन गरिएको। हेल्लो डक्टर अन कल नं.९८५७६-२५३३९

  डा.अजय पोखरेल ९८६८८-३९८२९

  डा.आकाश चित्रकार ९८१९१५५१६४

  डा. सचित्र कोइराला ९८४६६४७३७५

  डा. धिरेन्द्र पौडेल ९८५११७८७९१

## गुनासो सम्बोधन व्यवस्था

- केही गुनासा भए जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी प्र.अ .श्री धिरेन्द्र राज पन्त मोवाइल नं .९८५७६३४४४४ र गुनासो सुन्ने अधिकारी प्र.अ.श्री केशव लामिछाने मोवाइल नं.९८४११४६३७८ मा समेत फोन सम्पर्क गरी प्रशासनिक सोधपुछ एवम् समस्या समाधान गर्न सक्ने व्यवस्था मिलाइएको।
- खान नपाएका गुनासो गर्नु हुने सम्बन्धमा वा काम नपाएर समस्यामा पर्नु भएकाहरुलाई नजिकैको वडा कार्यालय, पालिका कार्यालय, सुरक्षा निकाय वा वडा अध्यक्षज्यूको सम्पर्कमा जानु भई लाभ लिनु हुन अनुरोध गर्ने गरेको।

## काउन्टरपार्ट्स समन्वय बैठक

- मिति २०७७।०१।०६ गते बागलुङ, पर्वत र म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्यूहरु र प्रहरी प्रमुखहरुको उपस्थितिमा कोभिड-१९ को सन्दर्भमा नेपाल सरकारले लागू गरेको लकडाउनलाई प्रभावकारी बनाई सिमा क्षेत्रको चेकजाँचमा कडाई गर्ने, स्वास्थ्य उपकरण तथा स्वास्थ्य सेवा, आपूर्ति व्यवस्थापन, कामदार व्यवस्थापन लगायतका विषयबस्तुमा समन्वय, सहकार्य, सूचना तथा आपसी सहयोग आदान प्रदान गर्ने विषयमा छलफल भई पर्वत जिल्ला प्रशासनमा बैठक सम्पन्न भएको।

## विकास निर्माण

- नोभेल कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।२० गते बसेको १६ औं बैठकको निर्णय बमोजिम उल्लेखित प्रावधानहरु पूर्ण पालना हुने गरी सम्बन्धित कंपनीको विवरण खुलाईएको निवेदन, प्रतिबद्धता पत्रसाथ सम्बन्धित स्थानीय तहबाट प्राप्त सिफारिस/अनुमति र अनुगमन गर्ने गरी प्रेषित पत्रका आधारमा विकास निर्माण आयोजनाहरु सञ्चालन गर्न अनुमति दिएको।
- राष्ट्रिय गौरवका आयोजनाहरु नेपाल सरकारले तोकेका अन्य आयोजनाहरुको निर्माण कार्य शुरुवात गर्न अनुमति दिएको।

## आन्तरिक कामकाज

- लकडाउनको अवधीमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी तथ्यांक संकलन गर्ने, गृह मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश पोखरामा सो को रिपोर्टिङ गर्ने गरिएको ।
- जिल्ला प्रशासन कार्यालयका सम्पूर्ण कर्मचारीहरु लकडाउन अवधीभर नियमित रिपोर्टिङ, समन्वय, सहजीकरण र अत्यावश्यक सेवा प्रवाहलाई व्यवस्थापन गर्न खटिएको ।

## कृषि बीऊ बीजन तथा रासायनिक मल

- लकडाउनका अवधीमा कृषकहरुलाई खेतीबाली र तरकारीका बीऊ बीजन, रासायनिक मल उपलब्ध गराउनका लागि कृषि सामाग्री विक्री गर्ने पसलहरु बिहान र साँझ २/२ घण्टा खोल्ने व्यवस्था मिलाइएको ।

## सचेतनामूलक कार्यक्रम

- मिति २०७६ फागुन २१ गते जिल्लामा कोरोना भाइरस (कोभिड-१९) का सम्बन्धमा सचेतना अभिवृद्धि र सतर्कता अपनाउने सम्बन्धी विषयमा सरोकारवालाहरुसँगको बैठक बसी भिडभाड नगर्ने, होली नखेल्ने, जिल्ला स्थित सबै स्थानीय तहहरुले कोरोना भाइरसबाट बच्ने उपायहरुका बारेमा सचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाउन जिल्ला समन्वय मार्फत पत्राचार गरिएको ।
- सञ्चारमाध्यम तथा सामाजिक सञ्जालबाट गलत, भ्रामक र अफबाह फैलाउने सूचना प्रकाशन प्रशारण गर्नेलाई कारवाही गर्ने निर्णय गरिएको ।
- निरन्तर रुघाखोकी, ज्वरोको संक्रमण देखिएका व्यक्तिहरुलाई छुट्टै स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउन धौलागिरी अञ्चल अस्पताल लगायत जिल्ला स्थित सरकारी तथा निजी क्षेत्रमा सञ्चालन गरिएका अस्पताल, पोलिक्लिनिकहरुलाई अनुरोध गरिएको साथै आइसोलेसन कक्षको समेत तयारी गरी पूर्व तयारी अवस्थामा रहन अनुरोध गरिएको ।
- सवै स्थानीय तहहरुले कोरोना भाइरसबाट बच्ने उपायहरुका बारेमा सचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाउन जिल्ला समन्वय समिति मार्फत पत्राचार गरिएको ।

## कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारका लागि विभिन्न संयन्त्र गठन तथा परिचालन



कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारका लागि जिल्लामा गठन तथा परिचालन भएका संयन्त्रहरुः

**१. जिल्ला सुरक्षा समिति, बागलुङ**

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री गौलोचन सैंजू, जिल्ला प्रशासन कार्यालय, बागलुङ | - अध्यक्ष |
| प्रमुख सेनानी, गणपति श्री मिलन ध्वज खाँण, अर्जुनबाण गण, घोडाबाधे ब्यारेक, बागलुङ | - सदस्य |
| प्रहरी उपरीक्षक, श्री नवराज भट्ट, जिल्ला प्रहरी कार्यालय, बागलुङ | - सदस्य |
| उप अनुसन्धान निर्देशक श्री नरेन्द्र राज गिरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बागलुङ | - सदस्य |
| सशस्त्र प्र.ना.उ., श्री बासुदेव लोहनी, सशस्त्र प्रहरी बल नेपाल गुल्म हे.क्वा., बागलुङ | - सदस्य |
| प्रशासकीय अधिकृत श्री धिरेन्द्र राज पन्त, जिल्ला प्रशासन कार्यालय, बागलुङ | - सदस्य सचिव |

**२. जिल्ला कमाण्ड पोष्ट**

संयोजकः श्री गौलोचन सैंजू, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बागलुङ

श्री राजेन्द्र ढुंगाना, जिल्ला समन्वय प्रमुख, जिल्ला समन्वय समिति, बागलुङ

श्री जनक राज पौडेल, नगर प्रमुख, बागलुङ नगरपालिका, बागलुङ

श्री मिलन ध्वज खाँण, प्रमुख सेनानी, अर्जुनवाण गण घोडाबाँधे व्यारेक, बागलुङ

श्री नवराज भट्ट, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बागलुङ

श्री नरेन्द्र राज गिरी, उप-अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बागलुङ

श्री बासुदेव लोहनी, सशस्त्र प्रहरी नायव उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा., बागलुङ

डा. शैलेन्द्र वि.क. पोखरेल, नि.मे.सु., धौलागिरी अञ्चल अस्पताल, बागलुङ

श्री सुरज गुरौ, प्रमुख, स्वास्थ्य कार्यालय, बागलुङ

श्री जब्बर बहादुर लामिछाने, सभापति, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, बागलुङ

श्री युवराज राजभण्डारी, अध्यक्ष, बागलुङ उद्योग बाणिज्य संघ, बागलुङ

श्री धिरेन्द्र राज पन्त, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, बागलुङ

**३. जिल्ला स्तरीय कोभिड संकट व्यवस्थापन समिति (CCMC)**

प्रमुख जिल्ला अधिकारी श्री गौलोचन सैंजू, जिल्ला प्रशासन कार्यालय, बागलुङ - संयोजक
प्रमुख सेनानी श्री मिलन ध्वज खाँण, अर्जुनवाण गण घोडाबाँधे व्यारेक, बागलुङ - सदस्य
प्रहरी उपरीक्षक श्री नवराज भट्ट, जिल्ला प्रहरी कार्यालय, बागलुङ - सदस्य
उप-अनुसन्धान निर्देशक श्री नरेन्द्र राज गिरी, राष्ट्रिय अनुसन्धान जि. कार्यालय, बागलुङ - सदस्य
सशस्त्र प्र.ना.उ. श्री बासुदेव लोहनी, सशस्त्र प्रहरी बल नेपाल गुल्म हे.क्वा., बागलुङ - सदस्य
नि.मे.सु. डा.श्री शैलेन्द्र वि.क.पोखरेल, धौलागिरी अञ्चल अस्पताल, बागलुङ - सदस्य
नि.जिल्ला समन्वय अधिकारी श्री दुर्गा प्रसाद शर्मा, जि.स.स. कार्यालय, बागलुङ - सदस्य
प्रशासकीय अधिकृत श्री धिरेन्द्र राज पन्त, जिल्ला प्रशासन कार्यालय, बागलुङ - सदस्य
कार्यालय प्रमुख श्री सुरज गुरौ, स्वास्थ्य कार्यालय, बागलुङ - सदस्य सचिव

**सल्लाहकारः**

जि.स.स.प्रमुख श्री राजेन्द्र ढुंगाना, जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ

**४. कोभिड-१९ Joint Operation Center**

श्री केशव लामिछाने – प्रशासकीय अधिकृत – जिल्ला प्रशासन कार्यालय, बागलुङ -संयोजक
श्री प्रदिप बोलखे – सह-सेनानी – श्री अर्जुनबाँण गण, बागलुङ।
श्री हेम बहादुर के.सी. – प्रहरी निरीक्षक – जिल्ला प्रहरी कार्यालय, बागलुङ।
श्री किशन के.सी. – सशस्त्र प्रहरी निरीक्षक – स.प्र.बल नेपाल, गुल्म हे.क्वा. बागलुङ।
श्री भरत कुमार घिमिरे – बरिष्ठ अनुसन्धान सहायक – राष्ट्रिय अनुसन्धान विभाग, बागलुङ।
श्री याम बराल – भे.क.नि. – स्वास्थ्य कार्यालय, बागलुङ।

**५. Patient Receiving Team**

कोभिड-१९ संक्रमित वा क्वारेन्टाइनमा बसेका सम्भावित लक्षण देखिएका विरामीहरुलाई सम्बन्धित स्थानीय तहले कोभिड-१९ मैत्री एम्बुलेन्स तयार गरी धौलागिरी अञ्चल अस्पताल वा अन्य सुविधा सम्पन्न अस्पतालसम्म पुऱ्याउने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने र उक्त कार्य सम्पादन गर्न देहाय बमोजिको जिल्ला स्तरीय समन्वयका लागि Patient Receiving Team गठन गरी विरामीहरुलाई अस्पतालसम्म पुऱ्याउने व्यवस्था मिलाइएको।

संयोजकः कार्यालय प्रमुख श्री सुरज गुरौ, स्वास्थ्य कार्यालय, बागलुङ।
सदस्यः नि.मे.सु.डा. श्री शैलेन्द्र वि.क. पोखरेल, धौलागिरी अञ्चल अस्पताल, बागलुङ।

सदस्यः सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत ।
सदस्यः अधिकृत प्रतिनिधि, अर्जुनवाण गण, घोडाबाँधे ब्यारेक, बागलुङ ।
सदस्यः अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, बागलुङ ।
सदस्यः अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा., बागलुङ ।
सदस्यः सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक
सदस्यः जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि
सदस्यः नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका प्रतिनिधि
सदस्य-सचिवः जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ ।

**६. JHOC (Joint Health Operation Center)**

स्वास्थ्य कार्यालय, बागलुङका महामारी फोकल पर्सन श्री याम बरालको संयोजकत्वमा जिल्ला स्थित सबै स्थानीय तहका स्वास्थ्य संयोजक र अञ्चल अस्पतालका प्रतिनिधि रहेको Joint Health Operation Center गठन गरिएको ।

**७. Rapid Test Kit/PCR नमुना संकलन तथा Case Management Team**

डा. प्रदिप श्रेष्ठ, कन्सल्टेण्ट, धौलागिरी अञ्चल अस्पताल, बागलुङ
श्री सुरज गुरौं, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कार्यालय, बागलुङ
श्री सुरज बराल, मेडिकल टेक्नोलोजिष्ट, धौलागिरी अञ्चल अस्पताल, बागलुङ

**८. जिल्ला आपूर्ति अनुगमन समिति**

संयोजकः श्री गौलोचन सैंजू, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बागलुङ
सदस्यः जिल्ला समन्वय अधिकारी
सदस्यः स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत
सदस्यः जिल्ला सुरक्षा निकायका प्रमुख
सदस्यः स्थानीय जिल्ला उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष
सदस्यः नेपाल चेम्वर अफ कमर्सका सम्बन्धित जिल्ला प्रमुख
सदस्यः सम्बन्धित जिल्लाका उद्योग वाणिज्य संघका अध्यक्ष
सदस्यः सम्बन्धित जिल्लाका पत्रकार महासंघका अध्यक्ष
सदस्य-सचिवः सम्बन्धित जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख

**९. निजी स्तरबाट सञ्चालित अस्पताल तथा पोलिक्लिनिक समन्वय कार्यदलः**

संयोजकः श्री रामप्रसाद खनाल, स्वास्थ्य संयोजक, बागलुङ नगरपालिका, बागलुङ
सदस्यः निजी अस्पतालका सञ्चालकहरु
सदस्यः जिल्ला स्थित सुरक्षा निकायका अधिकृत प्रतिनिधिहरु
सदस्य-सचिव श्री याम बराल, महामारी फोकल पर्सन, स्वास्थ्य कार्यालय, बागलुङ

**१०. जिल्ला प्रशासन कार्यालय, बागलुङमा कोभिड-१९ रोकथाम, संक्रमण र नियन्त्रण सम्बन्धी कार्यसम्पादन गर्न खटाइएका कर्मचारीहरुः**

नेतृत्व, नियन्त्रण र निर्देशन - प्रमुख जिल्ला अधिकारी श्री गौलोचन सैंजू
कार्यालयका कर्मचारीलाई कार्यजिम्मेवारी सहित कार्यमा खटाइएको ।

## मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्चहरु

- जिल्ला भित्र रहेका मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्चहरु लगायत सामूहिक भेला जम्मा हुने सार्वजनिक स्थानहरुको तत्काल पहिचान गरी तत् स्थानहरुमा मानिसहरु भेला/जम्मा हुने गरे नगरेको, सामूहिक रुपमा आश्रय लिइ बसे नबसेको सम्बन्धमा स्थानीय तहहरुसँग समन्वय गरी छानविन र एकिन गरी यदि भेला जम्मा हुने गरेको वा आश्रय लिइ बसेको देखिए निजहरुलाई तत्काल आवश्यकता अनुसार क्वारेन्टाइनमा राखी स्वास्थ्य परीक्षण समेत गर्ने व्यवस्था मिलाइएको।
- जिल्ला भित्र रहेका मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्चहरु लगायत सामूहिक भेला जम्मा हुने सार्वजनिक स्थानहरुको स्थलगत अध्ययन गरी विवरण तयार गरी गृह मन्त्रालयमा पठाइएको।
- हालै उदयपुरको त्रियुगा नगरपालिका वडा नं.३ भुल्के मस्जिदमा बस्दै आएका मुस्लिम समुदायका भारतबाट आएका व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण पुष्टि भएपछि बागलुङ जिल्ला स्थित देहाय अनुसारका मस्जिदहरुमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल गुल्म हे.क्वा, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,बागलुङ, स्थानीय जनप्रतिनिधी एवम् स्थानीय वासिन्दाहरुमध्ये केही व्यक्तिहरुलाई सुराकीका रुपमा समेत राखी सुक्ष्म निगरानी राख्ने, आवत जावतमा कडाई गर्ने र जिल्ला भित्र रहेका मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्चहरु लगायत सामूहिक भेला जम्मा हुने सार्वजनिक स्थानहरु बन्द गर्ने व्यवस्था मिलाइएको।

## कोभिड-१९ संक्रमण, रोकथाम, नियन्त्रण र उपचारको अवधिमा भएका अन्य विपद्का घटनामा उद्दार तथा राहत वितरण














# जिल्ला प्रशासन कार्यालयबाट कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा प्रकाशित सूचनाहरु



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सूचना ! सूचना !! सूचना !!!



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।०९
सूचना! सूचना!! सूचना!!!



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।१०
आदेश जारी गरिएको अत्यन्त जरुरी सूचना !



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।१०
अत्यन्त जरुरी सूचना !



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।११
आदेश जारी गरिएको !



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।१२
सूचना ! सूचना!! सूचना!!!
केशव लामिछाने
प्रशासकीय अधिकृत



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।१७
सार्वजनिक सूचना !


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।१८
सूचना ! सूचना !! सूचना !!!



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७६।१२।२५
आदेश जारी गरिएको अत्यन्त जरुरी सूचना !


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सूचना ! सूचना !! सूचना !!!


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७७।०१।०३
सूचना! सूचना!! सूचना!!!


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मिति: २०७७।०१।१५
सूचना! सूचना!! सूचना!!!

१५ बैशाख २०७७ | बर्ष १ | अंक १










## प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, बागलुङ

## COVID CRISIS MANAGEMENT CENTER(CCMC), BAGLUNG

url: http://daobaglung.moha.gov.np
E-mail: baglungprasasan@gmail.com
fb.com/baglungprasasan
फोन नं.-०६८-५२०२३३